मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २१४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ६ गते बिहीबार (Thursday, 20 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## किशोरी छाउगोठमा बलात्कृत

**काठमाडौं, असार ५।** अछाममा छाउगोठमा बसेकी एक किशोरी बलात्कृत भएकी छन्।

पञ्चदेवल विनायक नगरपालिका-२ स्थित मामाघरमा बसेर पढिरहेकी १६ वर्षीया किशोरी आफ्नै नाता पर्नेबाट बलात्कृत भएको जिल्ला प्रहरी कार्यालय अछामले जनाएको छ।

उनी छाउगोठमै बेहोस् अवस्थामा भेटिएकी थिइन्। किशोरीलाई उद्धार गरेर अस्पताल लगिएको प्रहरीको भनाइ छ। उपचारपछि किशोरीले आफूमाथि जबरजस्तीकरणी भएको बताएकी थिइन्।

# तस्करका कारण पूर्वी नेपालका वन क्षेत्र मासिँदै

**झापा, असार ५।** कोशी प्रदेशका विभिन्न जिल्लामा संगठित वन तस्करहरूको जालो बढ्दो छ। दिनप्रतिदिन वन विनाशको क्रम पनि बढेको छ। यही कारणले त्यहाँका वन क्षेत्रमा वन तस्कर र सशस्त्र वनरक्षकबीच बर्सेनि सानातिनादेखि ठूला झडपका खबर सामान्य जस्तै भइसके। वन बर्सेनि घटे पनि वनको रक्षा गर्ने कर्मचारीको चर्को अभाव खड्किएको छ।

यसको फाइदा तिनै संगठित वन तस्करहरूले उठाइरहेको अवस्था छ। संगठित वन तस्करबाट वन जोगाउनु वनका नियामक निकायहरूलाई सबैभन्दा ठूलो चुनौती बनेको छ। तर, त्यही वन रक्षा गर्ने कर्मचारी भने सरकारले आधा पनि उपलब्ध गराउन सकेको छैन।

कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहेको वन निर्देशनालयका अनुसार हाल प्रदेशका १४ जिल्लामा १५ वटा डिभिजन वन कार्यालयहरू र २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय छन्। ती कार्यालयबाट प्रदेशको १२ लाख ७५ हजार ५ सय ७८ हेक्टर वन क्षेत्र रहेको रेखदेख र नियमन हुन्छ। तर, त्यसको लागि पर्याप्त जनशक्ति छैनन्।

निमित्त प्रदेश वन निर्देशक इन्द्रमणि भण्डारीले भने, -हाम्रो मुख्य चुनौती नै जनशक्ति अभाव हो। उनका अनुसार प्रदेशभरि दरबन्दीभन्दा पुगनपुग आधामात्रै कर्मचारी लिएर वन संरक्षणको काम भइरहेको छ। प्रदेशमा वन अधिकृतदेखि वनरक्षकसम्मको अभाव रहेको उनले बताए।

प्रदेशको कूल क्षेत्रफलको ४८.९६ प्रतिशत वन क्षेत्र छ। जसमध्ये ३ हजार ६ सय ९९ वटा सामुदायिक वन (५,८०,२०६ हेक्टर), ९ सय ८२ कबुलियती वन (४,१९२ हेक्टर), ४४ वटा धार्मिक वन (४८२ हेक्टर) र ५ वटा साझेदारी वन (१०,८३८ हेक्टर) छ। थोरै कर्मचारीको भरमा वन तस्करी रोक्न र चुरेलगायतका क्षेत्रको संरक्षण गर्न कोशी प्रदेशको पर्यटन, वन, वातावरण मन्त्रालयको योजना र रणनीतिअनुसार काम अघि बढाउने प्रयास भइरहेको छ।

प्रदेश सरकारले वन क्षेत्रको लागि वार्षिक ४० अर्बको हाराहारीमा बजेट विनियोजन गर्ने गरेको छ। त्यो बजेट कर्मचारी व्यवस्थापन र वृक्षरोपण, सचेतनाका कार्यक्रम गर्दा नै सकिने गरेको छ। एकातिर बजेटको सीमितता, अर्कोतिर कर्मचारीको



अभावका कारण समुदायसम्म पुग्ने र वन संरक्षणमा उनीहरूलाई परिचालन गर्ने काम अगाडि बढ्न नसकेको मन्त्रालयले जनाएको छ।

**नागरिकसँगको सहकार्यले मुद्दामा कमी**

स्थानीय र वन कर्मचारीको सहकार्यको कारण पछिल्लो समयमा वनका मुद्दाहरू घट्न थालेका छन्। वन क्षेत्रमा कर्मचारी र वनरक्षकको उपस्थितिको कारण वन तस्करीको मुद्दा घट्दै गएको डिभिजन वन कार्यालय इलामका डिभिजन वन अधिकृत दानबहादुर श्रेष्ठले बताए। यद्यपि वन तस्करी रोकिएको अवस्था भने छैन।

जेठको अन्तिम साता इलामको माई नगरपालिका-४ मा रहेको नमूना सामुदायिक वन क्षेत्रको ठूलोखोलीमा बेवारिसे चिरान काठ प्रहरीले नियन्त्रणमा लियो। फोहोर व्यवस्थापन गर्ने गरिएको डम्पिङ साइट नजिकै लुकाइछिपाइ राखिएको सखुवा जातको चिरान काठ प्रहरी र वन कर्मचारीको संयुक्त टोलीले फेला पारेको थियो।

विभिन्न आकारका १ सय ६ थान अर्थात् ९७.६२ क्युबिक फिट काठ बरामद गरिएको लोदिया प्रहरी चौकी दानावारीका इन्चार्ज प्रहरी वरिष्ठ नायब निरीक्षक कैलाशकुमार केसीले जानकारी दिए। त्यो पछिल्लो उदाहरण मात्रै हो। डिभिजन वन अधिकृत श्रेष्ठ भन्छन् - संगठित वन तस्करको जालो छ।

चुरे क्षेत्रमा रहेका सयौं नाकाहरूबाट झापा पुग्ने काठ तस्करी रोक्न सहज छैन। हरियो वनको काठ तस्करी गर्न जल तथा स्थलमार्गको प्रयोग हुने गरेको छ। माईखोलाको चेप्टी बगर भएर दशकौंदेखि तस्करी भइरहेको उनले बताए।

लामो समय चुपचापजस्तो देखिएका तस्कर पछिल्लो समयमा अहिले फेरि चल्मलाउन थालेका छन्- वन अधिकृत श्रेष्ठले भने -सायद काठको कारोबार वृद्धि भएजस्तो छ। माई नगरपालिकाका एक शिक्षक भन्छन्-'महमाईको वनमा अहिले सालका रुख पाइँदैनन्। सबै तस्करले लगिसके। तर, डिभिजन वन अधिकृत श्रेष्ठ वन नै सखाप भएको स्वीकार गर्दैनन्। उनी भन्छन्, -वन सकिएकै भन्ने अवस्था छैन, स्थानीय पनि सचेत भएर पछिल्लो समयमा तस्करीका सूचना दिन थालेकाले तस्करी नियन्त्रण भएको छ।

पछिल्लो समयमा चुरे क्षेत्रबाट वन तस्करी बढेको स्थानीय बताउँछन्। प्रदेश वन निर्देशक भण्डारी पनि त्यसलाई स्वीकार गर्छन्। संगठित रूपमा वन तस्करको समूह सक्रिय छ, इलाममा सयौं नाकाबाट वन तस्करी हुने गरेको छ- उनले भने- समुदायसँगको सहकार्यमा नियन्त्रणका लागि प्रयास गरिरहेका छौं।

२०५६ देखि चार वर्ष इलामको सुखानीमा वन कर्मचारीको रूपमा बसेका भण्डारीले पहिलेको भन्दा अहिले वन मुद्दाको चाप घट्नुमा समुदायको सक्रियता प्रमुख कारण भएको बताए। डिभिजन वन कार्यालय इलामका अनुसार अहिले तीन वटा मुद्दा मात्रै चालू अवस्थामा छन्।

**बोल्न सक्दैनन् स्थानीय**

वन तस्करी नियन्त्रणका लागि स्थानीयको जानकारी र सहयोग आवश्यक पर्छ। स्थानीयको सूचनाबिना तस्करी रोक्न असम्भव हुने वन कर्मचारीहरू बताउँछन्।

डिभिजन वन कार्यालय इलामका प्रमुख श्रेष्ठले भने- सूचना दिनेलाई पनि खतरा भएपछि नाम गोप्य राखेर सुराकीको संरक्षण गर्न थालेका छौं। उनका अनुसार निश्चित व्यक्तिलाई मात्रै सुराक दिन वन कार्यालयले भनेको छ। सुराकीले प्रमुख श्रेष्ठ वा उनले सम्पर्क गर्न तोकेको व्यक्तिलाई मात्रै सूचना दिने व्यवस्था मिलाइएको छ। पछिल्लो समयमा तस्करको दबाबको कारण सामुदायिक वन उपभोक्ता समितिहरू पनि निष्क्रिय हुन थालेका छन्।

२ सय ३२ वटा सामुदायिक वन रहेको इलामको चुरे क्षेत्रका आधा जति सामुदायिक वन उपभोक्ता समिति निष्क्रिय छन्। तस्करको निरन्तरको दबाबको कारण सामुदायिक वनमा पदाधिकारी बन्ने मान्छेसमेत भेटिन छोडेको श्रेष्ठले बताए। उनले भने, - छिमेकमै तस्कर हुन्छ, वनका पदाधिकारीलाई ज्यान जोगाउनै सकस पर्छ।

इलामको माई नगरपालिका– ७ का एक स्थानीयले सुनाए, -यहाँ काठ तस्करको ठूलो ग्याङ छ। देखेर पनि बोल्न सक्ने अवस्था छैन। ज्यानको सबैलाई माया हुन्छ। चुलाचुली, दानाबारी र महमाई क्षेत्रमा ४१ हजार जनसंख्याको बसोबास छ। सो क्षेत्रका नागरिक वन्य उत्पादनमा आश्रित छन्। तर, त्यस क्षेत्रका हरिया वनका मूल्यवान् काठको चोरी निकासी सामान्य घटना जस्तै भएको छ। एक स्थानीय भन्छन्, -माईखोलाबाट हरेक रात साल र सिसौका मुढाहरू तराई झर्छन्।

तिनलाई छेकवार लगाउन सक्ने कोही छैन। सबै तस्करसँगै मिलेका छन्। इलामको माई नगरपालिकाको महमाई र दानावारीका जंगलको

(बाँकी अन्तिम पृष्ठमा)

नागरिक राहत र उद्धारको पर्खाइमा

# कोशीमा अझै बनेन कार्ययोजना



**झापा, असार ५।** यो वर्षको मनसुन शुरु हुँदा समेत कोशी प्रदेश सरकारले 'मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना' बनाउन सकेको छैन।

मुख्यमन्त्रीको अध्यक्षता रहने 'मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना' पास नहुँदा विपद्मा कसरी उद्धार र राहत बितरण गर्ने भन्ने विषय नै अन्यौलमा परेको छ।

संघीय सरकारले विपद् पूर्व तयारीमा लाग्न निर्देशन दिएपनि कोशी प्रदेश सरकार भने कार्ययोजना बनाएर अघि बढ्ने विषयमा नै अन्यौलमा रहेको पाइएको हो। कोशी प्रदेशका पूर्वी हिमाली तथा पहाडी जिल्लामा पहिरोका कारण जनधनमा क्षति हुँदा समेत प्रदेश सरकार भने उद्धार र राहतमा अल्मलिएको पाइएको छ।

तराईका जिल्लामा डुवान र कटानको समस्याले नागरिक विस्थापित हुन थालेका छन्। तर, प्रदेश सरकार भने कानून बनाएर अघि बढ्नु पर्नेमा मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्यायोजनाको ड्राफ्ट बनाएर थन्क्याउँदा प्रदेश सरकारले काम गर्न नसकेको भन्दै आलोचना हुन थालेको छ।

मनसुन सक्रिय भएसँगै पूर्वी पहाडी जिल्लाहरु संखुवासभा, तेह्रथुम, ताप्लेजुङ र पाँचथरमा परेको अविरल वर्षाका कारण धेरै घर बगाएको छ भने सयौं विस्थापित भएका छन्। तर प्रदेश सरकारले विपद् व्यवस्थापनका लागि गर्नुपर्ने नीतिगत काम नै गर्न सकेको छैन।

कोशी प्रदेश सरकारले 'मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना' बनाउनु पर्ने तर, अहिलेसम्म मुख्यमन्त्री कार्यालयबाट उक्त योजना पारित नहुँदा राहत र उद्धारको काम अन्योलमा परेको स्रोतले जनाएको छ।

कार्ययोजनाको ड्राफ्ट बनाएर विपद् व्यवस्थापन कार्यकारी समितिबाट पारित गरेको भएपनि मुख्यमन्त्रीको अध्यक्षतामा रहने विपद् परिषद् समितिबाट पारित हुन बाँकी रहेको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ।

प्रदेश विपद् परिषद्मा पठाएर पारित गरेपछि मात्रै प्रति कार्ययोजना पूर्ण हुने प्रावधान रहेको छ। प्रदेश विपद् परिषद्को अध्यक्ष भने मुख्यमन्त्री रहेका छन्। श्रोतका अनुसार असार ६ गते प्रदेश विपद

(बाँकी अन्तिम पृष्ठमा)

## ताप्लेजुङमा ८१ परिवार विस्थापित

**ताप्लेजुङ, असार ५।** ताप्लेजुङमा मनसुनी वर्षा शुरु भएयता बढीपहिरोका कारण ८१ घरका तीन सय ४२ जना विस्थापित भएका छन्। एक साताको अवधिमा पहिरोमा परेर पाँचजनाको ज्यान गएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिए। उनका अनुसार यहाँका आठ घर पूर्णरुपले क्षति भएका छन् भने १८ घर उच्च जोखिममा रहेका छन्। जिल्लाका विभिन्न स्थानका ५५ घर जोखिममा रहेका उनले जानकारी दिए।

बाढीपहिरोबाट एक साताको अवधिमा ८४ वटा पशुचौपाया मरेका छन्। चार सवारीसाधनमा क्षति पुग्नाका साथै दुईवटा काठको मोटरेवल पुलसहित चारवटा पुल बाढीले बगाएको छ- प्रजिअ आचार्यले भने। बाढीपहिरोबाट विस्थापित ७० परिवार आफन्त तथा छिमेकीकोमा आश्रय लिएर बसेको जनाउँदै उनले ११ परिवार नजिकैको विद्यालयमा बसेका जानकारी दिए।

पहिरोबाट विस्थापित हुने अधिकांश सिरीजङ्घा, सिदिङ्वा, मिक्वाखोला र फक्ताङलुङ गाउँपालिकाका बढिरहेका

(बाँकी अन्तिम पृष्ठमा)

## मेची भन्सारमा १३ अर्ब राजश्व

**भद्रपुर, असार ५।** मेची भन्सार कार्यालय काँकरभिट्टाले चालू आर्थिक वर्षको ११ महिनामा १२ अर्ब ९३ करोड १७ लाख ३७ हजार राजश्व सङ्कलन गरेको छ।

भन्सार कार्यालयले चालू आब सकिन एक महिना बाँकी हुँदा लक्ष्यको ७७ दशमलव ५७ प्रतिशत राजश्व सङ्कलन गरेको हो।

मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलका अनुसार चालू आवको ११ महिनामा गत आवको सोही अवधिको तुलनामा आयात तीन दशमलव ६१ प्रतिशतले घट्दा निर्यात भने १० दशमलव ७६ प्रतिशतले वृद्धि भएको छ। उनका अनुसार काँकर भिट्टा भन्सारबाट ४० अर्ब ७९ करोड ६१ लाख ७२ हजारको माल वस्तु आयात हुँदा २२ अर्ब २१ करोड ९० लाख १० हजारको मालवस्तु निर्यात भएको छ।

चालू आवको जेठसम्म गत आवको तुलनामा निर्याततर्फ छुर्पी ६५ दशमलव २९ प्रतिशत, प्लाउड ५६ दशमलव ३३ प्रतिशत, अदुवा ३५ दशमलव ४५ प्रतिशत, अम्रिसो ३१ दशमलव ३४ प्रतिशत र भेनियस सिट १२ दशमलव ५७ प्रतिशतले वृद्धि भएको सूचना अधिकारी कँडेलले जानकारी दिए। अलैंची दुई दशमलव ६१ प्रतिशत र चिया १३ दशमलव ४२ प्रतिशतले निर्यात घटेको उनले बताए।

यसैगरी, पेट्रोल, फलामका सामग्री र विद्युतीय उपकरणलगायत आयातमा सामान्य वृद्धि हुँदा डिजेल, हवाई इन्धन, तरकारी, जुट, जिप्सम, कपडा, एलपिजी लगायत

(बाँकी अन्तिम पृष्ठमा)

## प्रेमिकाले बेवास्ता गर्दा प्रहरी जवानले आफैंलाई गोली हाने



**झापा, असार ५।** काठमाडौंको नयाँ बानेश्वरस्थित संसद् भवनमा खटिएका प्रहरी जवान अजित गोलेले प्रेमिकासँग सम्बन्ध बिग्रिँदा आफैंलाई गोली हानेर आत्महत्या गरेको प्रहरीको प्रारम्भिक निष्कर्स छ।

बुधबार बिहान दोलखाको मेलुङ गाउँपालिका ४ का २२ वर्षीय गोले संसद् भवनको पश्चिमतर्फको २ नम्बर गेटमा सुरक्षाका लागि हतियारसहित खटिएका थिए। त्यस क्रममा उनले शौचालयमा गएर आफैंलाई गोली हानेको बताइएको छ।

उनले राइफल भुइँमा अड्याएर खुट्टाले निधारमा ताकेर गोली चलाएको प्रहरीको अनुमान छ। सीसीटीभी फुटेजलगायतबाट पनि उनले नै गोली हानेको पुष्टि हुने प्रहरी अधिकारी बताउँछन्।

उनी बुधबार बिहान ६ बजेदेखि १० बजेसम्मका लागि संसद् भवनमा ड्युटीमा खटिएका थिए। तीन वर्ष पहिले प्रहरी जवानमा भर्ना भएका गोले संसद् भवनमा गत जेठ २८ गतेदेखि खटिएका थिए। नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल कपनमा दरबन्दी भएका गोले संघीय संसद् सुरक्षा बेस नयाँ बानेश्वरमा कार्यरत थिए।

उनले बुधबार बिहान ८ बजेतिर गेटको बायाँपट्टि रहेको शौचालयमा गएर आफूले बोकेको इन्सास राइफलले आफ्नो निधारमा एक राउन्ड फायर गरेको काठमाडौं जिल्ला प्रहरी परिसरका प्रवक्ता एसपी नवराज अधिकारीले बताए।

घटनास्थलमा उनको मोबाइल पनि फेला परेको छ। उक्त मोबाइलमा भएको म्यासेजका आधारमा उनले प्रेमिकासँगको खटपटका कारण आत्महत्या गरेको प्रहरीको प्रारम्भिक निचोड छ। शौचालयमा फेला परेको गोलेको मोबाइलमा घटनाकै समयमा एक युवतीसँग कुरा गरेको पनि देखिएको छ। एसपी अधिकारीले

(बाँकी अन्तिम पृष्ठमा)

विश्वास परियोजनाले बढायो विश्वास

## बर्थिङ सेन्टरमा सुत्केरी गराउने बढे

**सन्तोष शर्मा**

**झापा, ५ असार।** झापा गाउँपालिकाको आधारभूत अस्पतालमा यतिबेला सुत्केरी गराउनेको संख्या बृद्धि भएको छ।

सहारा नेपालद्वारा सञ्चालित विश्वास परियोजनाले बर्थिङ सेन्टरमा आवश्यक उपकरण र स्वास्थ्यकर्मीलाई तालिम दिएसँगै यहाँ सुत्केरी गराउनेको संख्या बढेको हो। बर्थिङ सेन्टरमा गत वर्ष १२ जनाले सुत्केरी गराएका थिए भने यो वर्ष ५९ जनाले सेवा लिइसकेका छन्।

यसअघि बर्षमा मुस्किलले ११-१२ जनाले सेवा लिन्थे - झापा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रेम न्यौपानेले भने -यो वर्ष पाँच गुणा बढीले सेवा लिएका छन्। बर्थिङ सेन्टरमा सुविधा



थपिएपछि सेन्टरप्रति स्थानीयबासीमा विश्वास बढेको उनको भनाइ छ।

कोशी प्रदेश सरकारले मेसिन दिएपछि बर्थिङ सेन्टरबाट हाल भिडियो एक्स-रे सेवा समेत शुरु भएको छ। प्रसूति सेवा लिनका लागि बिर्तामोड, भद्रपुर, दमक लगायतका स्थान जानुपर्ने बाध्यता हटेको गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले बताइन्। अब गाउँपालिकाले प्रसूतिका लागि आवश्यक सबै सेवा निःशुल्क दिन्छ- उनले भनिन्।

आधारभूत अस्पतालमा सुत्केरीसँगै कुष्ठरोगको समेत चेकजाँच शुरु भएको छ। सात जनाको परीक्षण गर्दा दुई जनामा कुष्ठरोग फेला परेको ल्याब असिस्टेन्ट

(बाँकी अन्तिम पृष्ठमा)

## बलात्कार आरोपमा एक व्यक्ति पक्राउ

**विराटनगर, असार ५।** सुनसरीको इटहरीस्थित आफन्तकोमा बस्दै आएकी १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा विराटनगरका एक व्यवसायी भेडेटारबाट पक्राउ परेका छन्।

मोरङ विराटनगर महानगरपालिका -११ का प्रवीण अग्रवाल बलात्कारको आरोपमा पक्राउ परेका हुन्। उनलाई बालिकालाई ललाइफकाइ भेडेटार पुऱ्याएर जबरजस्ती बलात्कार गरेको आरोप लागेको छ।

अग्रवाललाई धनकुटाको साँगुरीगढी-६ भेडेटारस्थित मकालु होटेलबाट नियन्त्रणमा लिएको इप्रका भेडेटारका प्रहरी नायव निरीक्षक जीवन कार्कीले जानकारी दिए। अग्रवाललाई थुनामा राखेर थप अनुसन्धान गरिरहेको रबालिकालाई स्वास्थ्य परीक्षणका लागि जिल्ला अस्पताल धनकुटा पठाइएको प्रनानि कार्कीले बताए।

Email: purwanchal2052@gmail .com URL : purwanchaldaily .com

# भारतमा बाढीमा परी मृत्यु हुनेको संख्या ३१ पुग्यो




**झापा, असार ५।** भारतमा बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ३१ पुगेको छ। प्रहरीका अनुसार मङ्गलबार राति आसामको मुख्य शहर गुवाहाटीबाट करिब २८१ किलोमिटर दक्षिणपूर्वमा रहेको करिमगञ्ज जिल्लाको बदरपुर क्षेत्रमा वर्षापछि आएको पहिरोमा परी एक नाबालकसहित पाँच जनाको मृत्यु भएको हो।

आसाम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडिएमए) ले बाढीका कारण १५ जिल्लाका एक लाख ६१ हजार २०९ व्यक्ति प्रभावित भएको जनाएको छ। यस्तै, अधिकारीले पीडित महिला र उनका तीन छोरीको पहिचान गरिनुका साथै भग्नावशेषबाट तीन वर्षीय बालकको शव पनि निकालिएको जानकारी दिए। सबैभन्दा बढी प्रभावित जिल्ला करिमगञ्जमा एक लाख ५२ हजार १३३ जना मानिस बाढीले प्रभावित भएका छन्। बाढीले प्रभावित जिल्लाहरूको एक हजार ३७८.६४ हेक्टर बाली उत्पादन क्षेत्र असर पारेको छ।

हाल ४७० गाउँ पानीमा डुबेका एएसडिएमएले जनाएको छ। स्थानीय सरकारले प्रभावित क्षेत्रमा ४३ वटा राहत शिविर र वितरण केन्द्र खोलेको छ जसमध्ये अधिकांश करिमगञ्जमा स्थापना गरिएको छ। अधिकारीले राहत शिविरमा पाँच हजार ११४ जनालाई शरण दिँदै राहत कार्य जारी रहेको जानकारी दिए। तटबन्ध, सडक र पुलहरू लगायत पूर्वाधारमा भएको क्षतिको परिमाणले प्रभावित जनसङ्ख्यालाई सहायता प्रदान गर्न कठिनाइ भएको उनीहरूले बताएका छन्।

# प्रहरी जवान मृत फेला 'ब्वाइफ्रेन्ड' पक्राउ



**झापा, असार ५।** जिल्ला प्रहरी कार्यालय, सिराहाको शौचालयमा मृत फेला परेकी प्रहरी जवानका केटा साथी (ब्वाइफ्रेन्ड) पक्राउ परेका छन्।

गत जेठ ३१ गते २५ वर्षीया प्रहरी जवान करिश्मा सुनार कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भवनको दोस्रो तलामा रहेको शौचालयमा झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन्।

सोही घटनामा आत्महत्या दुरुत्साहनको आरोपमा दैलेख घर भई बाँके बैजनाथ गाउँपालिका-२ बस्ने २७ वर्षीय पुष्कर थापा मगरलाई प्रहरीले पक्राउ गरेको हो।

मृतक महिला प्रहरीको मोबाइलमा फेला परेका म्यासेजका आधारमा उनलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी निरीक्षक उदय द्विवेदीले जानकारी दिए।

उहाँहरूको बीचमा विवाद भएका म्यासेजहरू फेला परे। मृतकका परिवारले पनि उहाँविरुद्ध जाहेरी दिनुभयो। त्यसैका आधारमा अदालतबाट ७ दिनको म्याद लिएर आत्महत्या दुरुत्साहनको आरोपमा अनुसन्धान गरिरहेका छौँ - प्रहरी निरीक्षक द्विवेदीले भने।

# प्रत्येक वर्ष लागूऔषध प्रयोगकर्ताको संख्या बढ्दै

**झापा, असार ५।** नेपालमा प्रत्येक वर्ष ५.०६ प्रतिशतका दरले लागूऔषध प्रयोगकर्ताको संख्या बढ्दै गएको तथ्यांकले देखाएको छ।

काठमाडौंमा लागूऔषध दुर्व्यसनी, कानूनी कारबाही र हालको व्यवहारबारे पत्रकारसँगको अन्तरक्रिया कार्यक्रममा रिकभरिङ नेपालले सो जानकारी गराएको हो। रिकभरिङ नेपाल लागूऔषध प्रयोगकर्ताहरु र लागुऔषधको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको राष्ट्रिय स्तरको महासंघको अन्तरक्रिया कार्यक्रममा गृह मन्त्रालयको प्रतिवेदनलाई आधार मानेर प्रस्तुती दिइएको थियो।

गृह मन्त्रालयको प्रतिवेदनअनुसार २०७६ मा देशभर अनुमानित १ लाख ३० हजार ४ सय २४ जना लागूऔषध प्रयोगकर्ता रहेका थिए। कूल लागूऔषध प्रयोगकर्तामध्ये ७ प्रतिशत महिला प्रयोगकर्ता पाइएको बताइएको छ।

प्रयोगकर्ताहरुमध्ये पनि ६९ प्रतिशत अर्थात ९० हजार भन्दा बढी प्रयोगकर्ताले सुईद्वारा लागूऔषध प्रयोग गरेको पाइएको तथ्यांक छ। सर्वेक्षणले नेपालमा लागू औषध प्रयोगकर्ताहरुको संख्या २०६३ सालको पहिलो सर्वेक्षणको तुलनामा तीन गुणाले बढेको र देखाएको छ।

लागूऔषध प्रयोगकर्ताहरु दिन प्रतिदित बढ्दै जानुले नेपाली समाजमा थप चिन्ता पैदा गरेको रिकभरिङ नेपालका कार्यक्रम व्यवस्थापक राजु जोशीले बताए। उनले लागूऔषधको प्रयोगकर्ता, व्यापारी वा क्राइमलाई एकै ठाउँमा राखेर नहेर्न सुझाव दिए।

उनले कुनैपनि लागूपदार्थ प्रयोगकर्ताले जीवनभर खान्छु र क्राइम गर्दछु भनेर सेवन नगर्ने भन्दै सामाजिक, मनोसामाजिक परिस्थितिबाट सेवन गर्ने गरेको बताए। उनले एउटा लागूऔषध प्रयोग कर्ताले आफ्नो जीवन कसरी त्यहाँसम्म पुऱ्यायो भन्ने हिसावले सरकारले सोच्न जरुरी रहेको बताए।

उनले भने,-लागूऔषधको प्रयोगकर्ता, व्यापारी वा क्राइमलाई एकै ठाउँमा राखेर हेरिन्छ। कुनैपनि लागूपदार्थ प्रयोगकर्ता साथीहरुले जीवनभर खान्छु, म क्राइम गर्छु, म हार्म गर्छु भनेर कसैले प्रयोग गर्दैन।

केही सर्टेन अवस्था हुन्छ, विभिन्न सामाजिक, घरको वातावरण, आफ्नो मनोसामाजिक चिन्ता विविध पक्ष छन्। एउटा लागूऔषध प्रयोगकर्ताले आफ्नो जीवन कसरी त्यहाँसम्म पुऱ्यायो भनेर राज्यले कहिल्यै सोचेन।

## तस्करका...

काठ झापाको सतासी हुँदै झापा, मोरङ र भारतसम्म पुऱ्याउने गरिएको छ।

वन तस्करले माई नगरपालिकाको पाल्टार, सितलु, शुक्रबारे, हुँदै झापाको खुदुनाबारी-शनिश्चरेको बाटो प्रयोग गरेर पनि काठ तस्करी गर्ने गरेका छन्।

व्यवस्थापिका संसद्को प्राकृतिक स्रोत र साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन- २०६७ मा तत्कालीन महमाई र बाँझो गाविसबीचमा पर्ने तीन दोभानेबाट मजुदरको सहायतामा झापाको तोपगाछीको बाटो हुँदै काठ तस्करी हुने गरेको छ।

चुरेको वनको काठ तस्करी गर्न यात्रुवाहक बस, ट्रक र साइकलसमेत प्रयोग हुने गरेको वन निर्देशक भण्डारीले बताए। यसरी लगिएका काठहरू झापाका फर्निचर उद्योग र बनाउँदै गरेका घरहरूमा बिक्री गरिन्छ। ट्रक वा ट्याक्टरमा निकासी गरिएको काठ भने चिरानी मिलमा पुग्ने बताइन्छ।

दानाबारी र महमाईको काठ खुदुनाबारी, शनिश्चरे र बिर्तामोडमा रहेका चिरानी मिलमा बिक्री हुने गरेको एक काठ व्यापारीले बताए। चुलाचुलीबाट निकासी हुने काठ भने दमक र मोरङका चिरानी मिलमा बिक्री हुने गर्दछ। इलामको कूल क्षेत्रफलको करिब २१ प्रतिशत चुरे क्षेत्रले ओगटेको छ। चुरेमा वन सकिए पूर्वी नेपालमा भोकमरी पर्न सक्ने चेतावनी आईयूसीएन नेपालले प्रकाशन गरेको पुस्तकमा उल्लेख छ।

डिभिजन वन कार्यालय इलामका अनुसार आर्थिक वर्ष २०७९-०८० मा जिल्ला अदालत इलाममा वन तस्करीको आरोपमा ६ वटा मुद्दा दर्ता भएको थियो भने ११ जना पक्राउ परेका थिए। ती मुद्दाहरू सूर्योदय नगरपालिका, चुलाचुली गाउँपालिका, माङ्सेबुङ गाउँपालिका र माई नगरपालिका क्षेत्रमा बिना इजाजत वन पैदावार ओसारपसार गरेको आरोपमा दायर भएका थिए।

डिभिजन वन अधिकृत श्रेष्ठका अनुसार चालू आर्थिक वर्षमा पनि चुरे क्षेत्रमा पर्ने माङ्सेबुङ गाउँपालिका, चुलाचुली गाउँपालिका, माई नगरपालिकाबाटै अधिकांश मुद्दा दायर भएका थिए।

**के गर्दैछ मन्त्रालय ?**

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशीले पर्यटन, वन, वन्यजन्तु, वन पैदावर, भू-संरक्षण, जलवायु परिवर्तन, वातावरण र जैविक विविधतालगायतका क्षेत्रमा ४१ वटा कार्य गर्ने अधिकार पाएको छ। मन्त्रालयको मातहतमा प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरू, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू, पर्यटन विकास आयोजना, जलाधार व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन इकाइ र पर्यटन कार्यालयहरू छन्।

वृक्षरोपण, बाढी पहिरो नियन्त्रण, गल्छी कटान रोकथाम, पानीको मुहान संरक्षण, सडक किनारा संरक्षणलगायत विभिन्न क्रियाकलापहरू मातहतका निकायहरूबाट मन्त्रालयले गर्दै आएको छ। यस्तै प्रदेशअन्तर्गतका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण, पुनर्निर्माण र व्यवस्थापनका लागि भौतिक पूर्वाधार निर्माण एवम् प्रचारप्रसारका माध्यमबाट पर्यटनको प्रवर्द्धनसमेत गर्दै आएको छ।

**दीपकमलको दियो**

इलामको सूर्योदय नगरपालिका -२ र ४ नम्बर वडामा रहेको दीपकमल सामुदायिक वनको संरक्षणका लागि भने स्थानीयले रहरलाग्दो प्रयास गरिरहेका छन्। चुरे क्षेत्रमा जस्तो आम्दानीको स्रोत नहुने भए पनि 'वन पर्यटन' विकासको लक्ष्यसहित काम गरिरहेका स्थानीयले प्रदेश सरकारको ९ लाख ९३ हजार सहयोगमा व्यवस्थित पोखरी निर्माण, चौतारो निर्माणसहितका काम गरेका छन्। सामुदायिक वनले २० हजार बिरुवाको नर्सरी स्थापनासहितको काम पनि गरेको छ।

वनका अध्यक्ष सूर्यधन तामाङका अनुसार पोखरीले स्थानीयका पानीको मुहानमा पानीको मात्रा बढेको छ। धुपीको वन वृद्धिसँगै आसपासका मुहान सुक्न थालेको अवस्थामा पोखरीले मुहान संरक्षणमा काम गरेको उनले बताए।

नेपाल-भारत सीमा क्षेत्रमा रहेको दीपकमल सामुदायिक वन २०४९ सालमा समुदायलाई हस्तान्तरण गरिएपछि समुदायकै सक्रियतामा चोरी तस्करी नियन्त्रण गरेको अध्यक्ष तामाङले बताए। सूर्योदयका ८६ परिवारले संरक्षण गरेको वन २८ हेक्टरमा फैलिएको छ। जापानिज टिटुमिरिया जातको धुपीले ढाकिएको वनमा न घाँस हुन्छ न त दाउरा नै। अध्यक्ष तामाङ भन्छन्,-हामी आफ्नै सम्पत्ति ठानेर संरक्षणमा जुटेका छौं। पानीको मुहान सुकाउने जातका रुख भएकाले धुपीको रुख काटेर उपयोगी वन बनाउन चाहे पनि कानूनी जटिलताको कारण स्थानीयको त्यो प्रयास सम्भव भएको छैन।

२०७९ मा दश वर्षे कार्ययोजना बनाउँदा वन व्यवस्थापनको योजनामा कतिपय असावधानी भएकाले पनि चाहेको जस्तो उपयोगी वन बनाउन नपाएको अध्यक्ष तामाङले बताए। वनबाट स्थानीयले वार्षिक रूपमा ४ सय ८१ क्युबिक फुट काठ पाउने गरेका छन्। प्रतिक्युबिक फुट एक सय रुपैयाँमा पाउने धुपीको काठ सबै सदस्यलाई दामासाही रूपमा वितरण गर्ने गरिएकोमा त्यो अभ्यास व्यावहारिक नभएपछि अहिले आवश्यकता परेका सदस्यलाई बिक्री गर्ने गरिएको छ।

बजारमा सो काठको मूल्य प्रतिक्युबिक फुट चार सय रुपैयाँसम्म पर्ने गरेको छ। डिभिजन वन अधिकृत श्रेष्ठले जिल्लामा दीपकमल सामुदायिक वनले जस्तै केही सामुदायिक वनले नमूना काम गरिरहेको बताए। त्यस्तो काम गर्ने वन समूहलाई वन कार्यालयले आवश्यक सहयोग र प्रोत्साहन गरिरहेको उनको भनाइ छ।

**सरकारी स्रोतको आधार**

इलाम जिल्लामा मात्रै गत आर्थिक वर्षमा निजी वनबाट प्रदेश र संघ सरकारले २४ करोड २९ लाख ११ हजार १ सय ५ रुपैयाँ कर र राजश्व उठायो।

संघ सरकारले मूल्य अभिवृद्धि करबापत २२ करोड ५७ लाख ९४ हजार ८ सय ९ रुपैयाँ प्राप्त गरेको छ भने कोशी प्रदेश सरकारले प्रतिक्युबिक फिट तीन रुपैयाँको दरले राजश्वबापत १ करोड ७१ लाख १६ हजार २ सय ९६ आम्दानी गरेको डिभिजन वन कार्यालय इलामले जनाएको छ। राजश्व संकलनमा राष्ट्रिय वन पैदावार व्यवसायी संघ केन्द्रीय कार्यालय इलामले योगदान गर्दै आएको छ।

सरकारले व्यवसायीमार्फत सो रकम प्राप्त गर्ने गरेको संघका केन्द्रीय अध्यक्ष रोहित खड्काले बताए। संघमा इलामको उत्तिस, मलातो, चिलाउने, मौवा लगायतका काठको कारोबार गर्ने व्यवसायी आबद्ध छन्। संघले काठको कारोबारसँगै स्थानीय सरकारलाई वार्षिक रूपमा ६ लाखबराबरको बिरुवा उपलब्ध गराउने गरेको कार्यालय सचिव सञ्जीव ठाकुरले जानकारी दिए।

अध्यक्ष खड्काले भने-ग्रामीण कृषकको आयआर्जन र सरकारको राजश्वमा निजी वनले निरन्तर योगदान गरिरहेको छ। संघले निजी वनमा समेत वृक्षरोपणका लागि कृषकलाई बिरुवा उपलब्ध गराउने गरेको खड्काले बताए। इलामको काठ झापा र मोरङका समिलहरूमा पुग्ने गरेको छ।

**वन-वातावरणमा सरकारको १५ अर्ब**

नेपाल सरकारले वन तथा वातावरण क्षेत्रमा काम गर्न १५ अर्ब विनियोजन गरेको छ। संघीय सरकारको बजेट प्रस्ताव भएपछि प्रदेशमा समेत वन तथा वातावरण क्षेत्रको योजना निर्माणको काम शुरु भएको छ।

सरकारले वन तथा वातावरण मन्त्रालयको लागि रु. १५ अर्ब ७० करोड विनियोजन गरेको छ। वन, वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन क्षेत्रको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा राष्ट्रिय वनको रणनीतिक योजना कार्यान्वयन गरिने योजना राखेको छ। सरकारले वन विकास कोषसमेतको उपयोग गरी दिगो वन व्यवस्थापन, वन क्षेत्रको पुनर्स्थापना, डढेलो तथा अतिक्रमण नियन्त्रणजस्ता वन संरक्षण कार्यक्रममा तीनै तहका सरकार र समुदायको सहभागिता सुनिश्चित गरेको छ।

डढेलो, सुक्खा, बाढी व्यवस्थापन र जल पुनर्भरण गर्न चुरे क्षेत्र र भित्री मधेसका स्थानीय तहहरूमा स्थानीय सामग्री प्रयोग गरी कम्तीमा १० जलाशय निर्माण गर्ने नीति बनाएको छ।

सरकारले गैरकाष्ठ वन पैदावर र औषधिजन्य तथा सुगन्धित वनस्पतिको वैज्ञानिक र व्यवस्थित अध्ययन गरी उत्पादन, प्रशोधन र बजारीकरणको व्यावसायिक योजना तयार गरिने नीति बनाएको छ। प्रदेशसँगको सहकार्यमा वन पैदावारको उत्पादन व्यवस्थित गरी काठ तथा काष्ठजन्य वस्तुको आयात प्रतिस्थापन गर्ने नीति बनाएको छ।

सरकारको नीतिमा वन क्षेत्रको दिगो व्यवस्थापन गरी व्यावसायिक उपयोग गरिने उल्लेख छ। वन क्षेत्रमा लिज तथा कबुलियतीमा फलफूल खेती र पशुपन्छीपालन गर्न प्रोत्साहित गरिने उल्लेख छ। सरकारले वन पैदावार संकलन, बिक्री वितरण तथा ओसारपसार कार्यलाई राष्ट्रिय एकद्वार प्रणालीमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइने नीति लिएको छ।

**कमजोर कार्यान्वयन**

कोशी प्रदेश सरकारले २०७७ सालमा वन ऐन ल्यायो। वन ऐनमा डिभिजन वन अधिकृतलाई प्रशस्त अधिकार दिएको छ। तर प्रदेश लोक सेवा आयोगले काम गर्न कर्मचारी दिएको छैन।

कोशी प्रदेशको वन ऐनले वन संरक्षणका लागि डिभिजन वन अधिकृतलाई वनसँग जोडिएको सार्वजनिक जग्गामा बनेको संरचना वनको सीमाना भित्र पर्दा कसैले वाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने अधिकार प्रदान गरेको छ। उनले घर, छाप्रो, टहरो कब्जा लिन पाउने व्यवस्था गरेको छ।

ऐनले वन व्यवस्थापन गरिने क्षेत्रभन्दा बाहिर रहेका सुकेका, हाँगा भाचिएका, कुनै एकतर्फी नुगेर रहेका रुख हटाएमा अन्य भौतिक संरचना तथा मानवीय हिसाबले जोखिममा रहेको पाइएमा निर्देशकको सहमति लिई डिभिजन वन कार्यालयले हटाउन सक्ने उल्लेख छ।

प्रदेश वन ऐनले वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रूपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी समुदायलाई हस्तान्तरण गर्न डिभिजन वन अधिकृतलाई अधिकार दिएको छ। ऐनले वन तस्करी गर्नेलाई समेत मुद्दा चलाउने प्रबन्ध गरेको छ।

## कोशीमा ...

परिषद्मा पठाएर पारित गर्ने योजना रहेको बताइएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य विपद्बाट सबैभन्दा बढी कोशी प्रदेश प्रभावित हुने प्रक्षेपण गरेको थियो। अघिल्लो वर्ष पनि मनसुन शुरू हुनेबित्तिकै ताप्लेजुङ, संखुवासभा र पाँचथरमा बाढीले क्षति पुऱ्याएको थियो।

यसवर्ष पनि मनसुनको क्षतिबाट यिनै जिल्ला प्रभावित हुन थालेका छन्। यस वर्ष कोशी प्रदेशमा ४ लाख ९५ हजार ३५२ जना प्रभावित हुने अनुमान छ। एक लाख १३ हजार ३५३ घरधुरी प्रभावित हुने प्राधिकरणको अनुमान छ। जसमध्ये २२ हजार घरधुरी प्रत्यक्ष प्रभावित र ५ हजार घरधुरीलाई उद्धार र राहत दिनुपर्ने गृहमन्त्रालयको तथ्याङ्कमा समेत उल्लेख गरिएको छ।

मनसुनबाट चालू आर्थिक वर्षमा नै ७ जनाको ज्यान गइसकेको छ। मनसुन सक्रिय रहँदा सुदूरपूर्वका पहाडी जिल्लाहरूमा लगातार वर्षा भइरहेको छ। मनसुनको शुरुवातमै पूर्वी पहाडका संखुवासभा र ताप्लेजुङमा बाढीपहिरो शुरु भएको हो।

सरकारले राहत र उद्धारलाई प्रभावकारी बनाउन संघीय सरकारका गृहमन्त्री रबि लामिछानेले दावी गरेपनि विपद्मा परेका नागरिकले लामो समयसम्म राहत र उद्धार पाउन सकेका छैनन्। विपद् परेकाहरुलाई राहत वितरणमा पनि ढिलाइ भइरहेको गुनासो आइरहँदा प्रदेश सरकारको भूमिका फितलो देखिएको छ।

**विपद्मा परी १७ जनाको मृत्यु**

कोशी प्रदेशमा बाढी र पहिरोमा परी चालू आर्थिक वर्षको ११ महिनामा १७ जनाले ज्यान गुमाउनु परेको छ। चालू आर्थिक वर्षको साउनदेखि जेठ ३२ गतेसम्ममा बाढी र पहिरोमा परी ७ जना घाइते, ४ जनाको अवस्था अज्ञात र ७ करोड ६३ लाख ४३ हजार ५ सय रुपैयाँ बराबरको क्षति भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता सुमनकुमार तिम्सिनाले जानकारी दिए।

उनका अनुसार झापामा ७ जना, ताप्लेजुङमा ५ जना, भोजपुरमा २ जना, इलाममा २ जना र खोटाङमा १ जनाको मृत्यु भएको छ। बाढी पहिरोमा परी ताप्लेजुङमा २ जना, ओखलढुङ्गामा २, इलाम २ र सुनसरीमा १ जना वेपत्ता भएका छन्। संखुवासभाका ४ जना वेपत्ता भएकाहरूको अवस्था अहिले पनि अज्ञात रहेको प्रहरीले जनाएको छ। ३२ जेठमा पहिरोमा परी ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-२ खेजेनिममा एकै घरका ४ जनाको मृत्यु भएको थियो। फक्ताङलुङ गाउँपालिकाका उपाध्यक्ष रवीन साम्राका बुवा, कान्छी आमा र उनीहरूका दुई सन्तानको मृत्यु भएको थियो। आर्थिक वर्ष २०७९/०८० मा बाढी पहिरोमा परी कोशी प्रदेशमा मात्रै २३ जनाले ज्यान गुमाएका थिए।

## प्रेमिकाले ...

भने -एक महिलासँग कुरा गरेको पनि देखिएको छ। अहिलेसम्म हेर्दा यही कारण उनले आत्महत्या गरेको हो कि भन्ने हाम्रो अनुमान छ। थप अनुसन्धान भइरहेको छ। हाल दुबईमा रहेकी ती युवतीसँग उनले करिब ५ महिना पहिले नै इन्गेजमेन्ट गरिसकेको पनि खुलेको छ। तर इन्गेजमेन्ट गरेर गएकी उनले दुबई पुगेपछि आफूलाई बेवास्ता गरेको भन्दै ती प्रहरी जवानले आफू मर्ने भनेर पनि म्यासेज पठाएको भेटिएको छ। उनको शव पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल महारागञ्ज लगिएको छ।

## मेची...

सामग्री आयात भने गत आवको ११ महिनाको तुलनामा चालू आवको सोही अवधिमा घटेको छ। काँकरभिट्टा नाकाबाट आयात हुने पेट्रोल, डिजेल, जुट र जुटबाट बनेका सामान, खाना पकाउने ग्यास, सबै प्रकारका तरकारी, जिप्सम, अलकिड रेजिन, सबै प्रकारका कपडा तथा फलफूल (जुससमेत), भेनियस सिटलगायत छन्।

यो नाकाबाट अलैंची, फलामका पाता, प्लाइउड, चिया, छुर्पी, अम्रिसो, अदुवा, सुठो, धातुका अन्य अवशेष, भेनियस सिट, क्लिङ्करलगायत सामग्री निर्यात हुने गरेका छन्।

## ताप्लेजुङ ...

प्रजिअ आचार्यले बताए। उनका अनुसार पहिरोमा परेर फक्ताङलुङ-२ का एकै परिवारका चारजनाको निधन भएको थियो भने पाँचथर फिदिमका एकजनाको सिरीजङ्गामा निधन भएको थियो।

पहिरोले अधिकांश ग्रामीण क्षेत्रका सडकका साथै विद्युत् आयोजनामा क्षति पुगेको छ। अवरुद्ध सडक स्थानीय तहले खुलाउने प्रयास गरिरहेको बताइएको छ। सिरीजङ्गा र फक्ताङलुङ गाउँपालिकाका अधिकांश ग्रामीण सडक अवरुद्ध बनेका छन्। बाढीपहिरोले नगदेबाली अलैंचीमा सबैभन्दा बढी क्षति पुगेको स्थानीयले बताएका छन्।

## बर्थिङ...

अमनकुमार चौधरीले बताए।

अस्पतालमा बर्थिङ सेन्टरका लागि आवश्यक पर्ने करिब आठ लाख रुपैयाँको सामग्री प्रदान गरिएको विश्वास परियोजनाका प्रोग्राम को-अर्डिनेटर पवन राईले जानकारी दिए। सुरक्षित प्रसूती गराउनका लागि तीन जना नर्सलाई आवश्यक तालिम दिएका छौ-उनले भने, -कुष्ठरोग परीक्षणका ल्याब टेक्निसियनलाई तालिम दिइएको छ।

ग्रामीण भेगको मानिसमा स्वास्थ्य चेतना बृद्धि गर्न स्वास्थ्य आमा समूह प्रभावकारी देखिएको छ। विश्वास परियोजनाको सहयोगमा स्थानीयबासीमा जनस्वास्थ्यसँग सम्बन्धित सचेतना अभिबृद्धिका लागि स्वास्थ्य आमा समूह गठन गरिएपछि अस्पतालमा प्रसूती गराउने संख्या बृद्धि भएको छ भने हात्तीपाइले, खोप अभियान समेत सफलता उन्मुख बन्दै गएका छन्।

झापा-१ मा लसुना स्वास्थ्य आमा समूहकी अध्यक्ष सुमित्रा गणेशले समूहको माध्यमबाट गाउँका गर्भवती र सुत्केरी महिलाको पहिचान गरिएको बताइन्। सुत्केरी, गर्भवतीहरुको घरलाई विभिन्न रंगले इङ्गित गरेर छुट्याएका छौं - उनले भनिन्, - यसले उनीहरुको घर, अवस्था पत्ता लगाउन सहज भएको छ। पछिल्लो समय झापा गाउँपालिकामा मातृ-शिशु मृत्युदर शून्यमा झरेको छ।

**हात्तीपाइले रोगीलाई तालिमसँगै व्यवसायिक बनाइँदै**

झापाको बाह्रदशी -३ राधानगरमा एक सय ५० परिवारको बसोबास छ। ती परिवारमध्ये २९ परिवारमा हात्तीपाइलेका रोगी रहेका छन्।

स्वयम् हेरचाह तालिम, तरकारी खेती तालिम दिएपछि उनीहरुको दैनिकी फेरिएको छ। विगतमा औषधि सेवन गर्न नमान्ने यहाँका स्थानीयबासीमध्ये ९५ प्रतिशतले औषधि सेवन गरेको करुणा फाउण्डेशनका अंकित पाठकले बताए। तालिमसँगै उनीहरुलाई वीऊ पुँजी र स्वास्थ्योपचारका लागि १२ हजार रुपैयाँ दिइएको छ- उनले भने -उपचारसँगै स्वरोजगार बनाउने प्रयास भइरहेको छ।

हात्तीपाइले रोगी नुतन साहले स्थानीयबासीमा औषधि सेवन गर्नुपर्ने चेतनाको विकास हुँदै गएको बताइन्। उनले आफूहरुले उत्पादन गरेको तरकारी झापाका विभिन्न स्थानमा साथै काठमाडौंसम्म पुग्ने गरेको सुनाउँदै तरकारी उत्पादनका लागि आवश्यक टनेलको आवश्यक परेको बताइन्।

**सल्लाहकार समितिको अनुगमन**

जिल्ला परियोजना सल्लाहकार समितिले परियोजनाको स्थलगत अनुगमन गरेको छ। समिति तथा जिल्ला समन्वय समिति झापाका अध्यक्ष विश्वनाथ बरालले परियोजनाले गरेको काम देखेर आफू सन्तुष्ट भएको बताए। कागज मिलाएर त खाने हो नि भन्ने लाग्थ्यो - स्थलगत अनुगमनपछि उनले भने, -त्यस्तो होइन रहेछ, जिल्लाका ग्रामीण र विकट स्थानमा परियोजनाले गरेको काम देखेर खुसी लाग्यो। उनले आगामी दिनमा समेत स्वास्थ्य सेवाबाट बञ्चित नागरिकको पक्षमा काम गर्न आग्रह गरे।

झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष थपलिया, राजनीतिकर्मी जयनारायण साह, जिल्ला समन्वय समितिका निमित्त प्रमुख विक्रम लिम्बू, सहारा नेपालका सञ्चालक समिति सदस्य ध्यानबहादुर भारती, फेयरमेडका सञ्जेस श्रेष्ठ, प्रमिला पराजुली, गैसस महासंघका प्रतिनिधि गंगा घिमिरे नेपाल लगायतको टोलीले परियोजनाको अनुगमन गरेको थियो।

यसैबीच, बुधबार नै जिल्ला परियोजना सल्लाहकार समितिको बैठक बसेको छ। भद्रपुरको जिल्ला समन्वय समितिको सभाहलमा समितिका अध्यक्ष जिसस प्रमुख बरालको अध्यक्षतामा बैठक बसेको थियो। बरालले जिल्लामा दुई सय बढी एनजीओ भए पनि नीतिगत व्यवस्था सहकार्यका लागि दुई वटा भन्दा बढी संस्था सहकार्य गर्न नआएको बताए।

बैठकमा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले सरकारले गर्नुपर्ने काम गैरसरकारी संस्थाबाट हुनु सुखद् भएको बताए। गैरसरकारी संस्थामार्फत् सञ्चालित परियोजना सम्पन्न हुने क्रममा पुग्दा त्यसको निरन्तरताका लागि स्थानीय तहसँग सहकार्य गर्नुपर्नेमा जोड दिए।

त्यस्तै, कचनकवल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले हात्तीपाइले, कुष्ठरोग, खोप लगायतका कार्यक्रममा विश्वास परियोजनाको सहयोगले अभियानमा सफलता मिलेको बताए भने सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले कार्यक्रमले जनस्तरमा पारेको प्रभावका बारेमा अनुगमन गर्नुपर्नेमा जोड दिए।

स्वास्थ्य कार्यालय झापाका निमित्त प्रमुख रमेश बाराकोटीले विश्वास परियोजनाको सहयोगले हात्तीपाइले, कुष्ठरोग, खोप अभियान सफल बनाउन मद्दत मिलेको बताए। लामखुट्टेजन्य रोग नियन्त्रणका लागि औषधियुक्त झुल वितरण गर्न उनले सुझाव दिए।

बैठकमा स्वागत गर्दै सहारा नेपालका सञ्चालक समिति सदस्य भारतीले समाजमा हात्तीपाइले लगायतका रोगहरु गुप्त अवस्थामा रहेकाले सोको निदानका लागि औषधि सेवन गर्नुपर्नेमा जोड दिए।


**बिमालेख हरायो**

**बिर्तामोडबाट धुलाबारी जाने क्रममा यही मिति २०८१/०१/२० गते मेरो निम्न व्यहोराको एल.आई. सी. कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।**

**नाम**:- कमलबहादुर कार्की
**ठेगाना**:- मेचीनगर -१०, झापा
**पोलेसी नं.**:- ६००००९७२४
**कम्पनी नाम**: एल.आई.सी. कम्पनी लिमिटेड
**सम्पर्क**: ९८१६९४१२५८


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## शरणार्थी उन्मुलनको दिवस बनोस्

प्रत्येक वर्ष जुन २० का दिन विश्वभर शरणार्थी दिवस मनाइन्छ । संयुक्त राष्ट्र संघीय शरणार्थी उच्च आयोगको आह्वानमा यो दिवस मनाउन थालिएको हो । सन् १९५१ को उक्त आह्वान अनुरुप मनाउन थालिएको दिवसको उद्देश्य भनेको द्वन्द्व, हिंसा, प्राकृतिक विपद् र युद्ध जस्ता कारणले धेरै मानिस विस्थापित हुनु परेकोले यसको दीर्घकालीन समाधानका लागि आवाज उठाउनु र सचेतना फैलाउनु हो । आज पनि विश्वमा करिब चार करोड मानिस आफ्नो थातथलोबाट विस्थापित छन् । जन्मभूमि लगायत सर्वस्व त्यागेर भाग्न बाध्य हुनेहरुको पनि स्वदेशमा फर्किन पाउने सार्वभौम अधिकार हो । त्यही अधिकारको पक्षमा विश्वलाई गोलबन्द गर्न आज विश्वभर यो दिवस मनाइँदैछ ।

वैदिक सनातन हिन्दू धर्मका पक्षधरहरु त 'वसुधैव कुटुम्वकं'को आदर्शबाट अनुप्राणित छन् । यसकारण पनि बलपूर्वक लखेटिएका मानिसहरुको अधिकार सुरक्षित गर्न उनीहरुको भूमिका र क्रियाशीलता अझ बढी महत्त्वपूर्ण हुन्छ । कुनै पनि कारणले लुटिएका, अनिश्चित भविष्य भएका, क्षमता भएर पनि मान्यता नपाएकाहरु, गन्तव्य र अस्तित्वविहीन बनाइएकाहरुले समानता, स्वतन्त्रता र अरुहरु सरह सार्वभौम हक प्राप्तिका लागि विश्वको ध्यानाकृष्ट गराउने यो दिवस आज पनि सान्दर्भिक छ । विश्वको जुनसुकै कुनामा रहेका भए पनि मानिस एउटै जातिको हो र सबैको इच्छा, चाहना र अपेक्षा समान हुन्छ । तसर्थ, ज–जसले शरणार्थी हुनुको पीडाबोध गरेका छैनन् उनीहरुमा शरणार्थीहरुप्रति सम्मानजनक व्यवहार गर्ने चेत आउनुपर्छ ।

नेपालमा विविध कारणले घरबास र थातथलो त्यागेर जीवनको सुरक्षा खोज्न आइपुगेका शरणार्थीहरुको पीडा सार्वजनिक भएकै हो । भुटानबाट बलात् खेदिएका नेपाली मूलका नागरिकहरुले भोगेको पीडा, परिवारसँगको वियोग तथा भाषिक तथा सांस्कृतिक आक्रमणको परिणाममा उनीहरुले अस्तित्वविहीन हुनुपर्‍यो । ती मध्ये ठूलै संख्यामा अझै शरणार्थी शिविरमै छन् । स्वदेश फिर्ता जान पाउनुपर्ने मागसहित कठिन संघर्ष गरिरहेका उनीहरुलाई उनीहरुकै जन्मस्थल फिर्ता पठाउने नाममा झण्डै एक दर्जन पटक वार्ता पनि भए । यसबीचमा धेरैले पराई भूमिमा देहत्याग गरे, कति दातृ राष्ट्रहरुको सहयोगमा पुनः स्थापित पनि भए । तर, अझै उनीहरु खुशी छैनन् र भन्दैछन्– आफ्नो देशमा सम्मानपूर्वक जान पाउँ ।

हुन पनि सुरक्षित, स्वतन्त्रतापूर्वक र आत्मसम्मानका साथ बाँच्न पाउनु उनीहरुको सार्वभौम अधिकार हो । तसर्थ, हाम्रै देशमा दश वर्षे सशस्त्र द्वन्द्वबाट विस्थापित भएका नेपाली हुन् वा भुटानबाट लखेटिएका भुटानी शरणार्थीहरु सबैलाई मानवीयता, सहअस्तित्व र खुल्ला हृदयले स्वागत गर्नुपर्छ । सन्तान, दरसन्तान शरणार्थी बन्नुपर्ने यस्तो अवस्थाको सधैंका लागि अन्त्य हुनुपर्छ । यो दिनलाई शरणार्थी समस्या उन्मुलन भएको सम्झनामा मनाउने परिस्थिति निर्माण भएको दिन बनाउनुपर्छ ।

# के-के हुन सक्छन् स्थानीय तहका प्राथमिकताका क्षेत्रहरु ?



नेत्र सुवेदी 'प्रयास'




असारको पहिलो हप्ता भएको हुँदा यतिबेला सबैजसो स्थानीय तहहरु नीति तथा कार्यक्रम र बजेट तयारीका क्रममा व्यस्त छन् । आ-आफ्नो तहमा रहेका सवालहरु र क्षमता समेतका आधारमा स्थानीय तहहरुले आर्थिक रुपान्तरण, सेवा प्रवाह र सामाजिक सद्भावमा सकारात्मक रुपान्तरणका लागि तल उल्लेख गरिएका केही सुझावलाई अभ्यासमा ल्याउन सक्छन् । यसले पूर्वाधार विकास र जनताको जीवनशैलीमा सुधार ल्याउन सहयोग पुग्नेछ ।

**विषयगत विवरण र तथ्यांक प्रणाली :** हालसम्मको विषयगत उपलब्धिको तथ्याङ्क अद्यावधिक गरिनुपर्दछ । साथै सीपयुक्त जनशक्ति तथा सीप विकास गर्नुपर्नेको व्यक्तिहरुको विवरण अद्यावधिक गरिनुपर्दछ । प्रगति प्रतिवेदन तयार गर्न, छानबिन सम्बन्धमा सोधिएका प्रश्नहरुको जवाफ पठाउन तथा भएका कामहरुको तथ्यगत जानकारी प्रवाह गर्न समेत यस्ता अभिलेखहरु उपयोगी हुन्छन् । सीपयुक्त जनशक्तिको विवरण सार्वजनिक गर्न सके खाँचो परेको बजारबाट सजिलै सम्पर्क गरी रोजगारीमा लगाउने सम्भावना हुन्छ भने महत्त्वपूर्ण सीप विकासका लागि इच्छुक व्यक्तिहरुको नामावली भयो भने स्थानीय तहले प्रशिक्षक वा प्रशिक्षण संस्थासँग समन्वय गरी सीप विकास गर्न सम्भव हुन्छ ।

**नीति कार्यक्रम र बजेट सम्बन्धमा खुला सुझाव आह्वान :** सकेसम्म स्थानीय तहको भू-क्षेत्रमा र अन्यत्र गई बसोबास गरेकालाई समेत खबर पुग्ने गरी नीति तथा कार्यक्रम र बजेटमा सुझाव उपलब्ध गराउन सूचना प्रकाशित गर्नुपर्दछ । सम्भव भएसम्म संस्थागत रुपमा छलफलमा बोलाएर हालसम्मको भूमिकाको जानकारी लिँदै थप प्रभावकारी सहकार्यका लागि आह्वान गरिनुपर्दछ । प्राप्त हुने सुझावको भाव नीतिमा झल्कने गरी व्यवस्था गरिनुपर्दछ ।

**विशेष उमेर समूहका व्यक्तिको अधिकार संरक्षण :** विश्वस्तर सम्झौता वा विकसित भई राष्ट्रियस्तरमा प्रयोगमा रहेका वृद्धवृद्धा, महिला, युवा, बालबालिकाको अधिकार संरक्षण तथा क्षमता वृद्धि एवम् उपयोगका लागि स्थानीय सरकार समेत खुला र अग्रसर हुनु पर्दछ । यसअघि तयार भएका र हालसालै मात्र कार्यान्वयनमा आएका कार्ययोजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय स्तरमा हालको अवस्था दर्शाउने विवरण अद्यावधिक गर्ने सोही बमोजिम मुख्य समस्या रहेका क्षमताको विकास र प्रयोग, संरक्षण र सम्मान जस्ता पक्षमा कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।

**सामाजिक अपराध तथा हिंसाबिरुद्ध सचेतना अभियान :** हाम्रो समाजमा विभिन्नखालको भेद्भाव र हिंसा अहिले पनि व्याप्त छ । लागूऔषधको सेवन तथा ओसारपसारका साथै आत्महत्या जस्ता घटना भइरहेका छन् । साइबर अपराध जस्ता नयाँखालका समस्या पनि थपिएका छन् । तसर्थ, जनप्रतिनिधिहरु कै अगुवाइमा टोलस्तरसम्म नै सचेतना अभियान चलाउने र कानूनी उपचार खोज्ने तरिका समेत सिकाउनु पर्दछ ।

**सार्वजनिक सम्पत्तिको पहिचान र संरक्षण :** स्थानीय तहभित्र रहेका सरकार वा सार्वजनिक भवन वा जग्गा वा सम्पदा वा सम्पत्तिको लगत अद्यावधिक गर्नाका साथै संरक्षणको उचित प्रबन्ध गरिनुपर्दछ । यस प्रयोजनका लागि प्रहरी प्रशासनको समेत सहयोग लिन सकिन्छ । लगतमा वन भनेर जानिने तर हाल वन नभएको जग्गामा यदि कुनै संरचना वा विकास आयोजना कार्यान्वयन गर्नुपर्ने अवस्थामा भोगचलनका लागि जग्गा प्राप्ति वा अधिग्रहणको विधि र पद्धति पालना हुनु राम्रो हुन्छ ।

**विपद् पूर्व तयारी :** विपद् पूर्व तयारीमा चुस्त हुन सकियो भने विपद्पश्चात् हुने क्षति सात गुणाले कम हुने अध्ययनहरुले देखाएका छन् । स्थानीय तहमा जिम्मेवारी पाएका संयन्त्रहरुलाई सक्रिय राख्नाका साथै अत्यावश्यक जनशक्ति तथा स्वयम्सेवक तयारी हालतमा राख्नुपर्दछ भने विपद् प्रतिकार्यका लागि अभ्यास गर्ने तथा आधारभूत सामग्रीहरुको जोहो गरेर खाँचो पर्नासाथ प्रयोगमा ल्याउने वातावरण सृजना गर्नु पर्दछ । यो कार्यमा सुरक्षा निकायको समेत सहयोग प्राप्त गर्न नजिकको समन्वय आवश्यक पर्दछ ।

**सुशासन प्रवर्द्धन :** सुशासन आफैंमा विकास होइन तर विकास तथा उन्नतिका लागि अति आवश्यक वातावरण, कार्यशैली र व्यवहारसँग समेत सम्बन्धित छ । राज्य संयन्त्रहरुमा पारदर्शिता, जवाफदेहिता एवम् नैतिकताको प्रवर्द्धनका साथै विधिको पालना र सहभागिताको वातावरण समेत उत्तिकै आवश्यक छ । सबै नागरिकले आफ्नो कुरा राख्न पाउनुपर्दछ । कार्यालयका कामकारबाही सूचनामैत्री र नागरिकमैत्री हुनै पर्दछ । राजनीतिक दलहरु, सङ्घ-संस्था र निजी क्षेत्रमा समेत सुशासन आवश्यक छ । स्थानीय तहले प्रवाह गर्ने सेवाको तौरतरिका सम्बन्धमा सेवाग्राहीले बुझ्ने भाषामा प्रचारप्रसार गरिनु पर्दछ । वर्षको कमसेकम एकपटक सेवाग्राहीलाई भेला पारेर सार्वजनिक सुनुवाइ गर्न भुल्नु हुँदैन ।

**स्वच्छ बजार कायम गर्ने :** बजारमा उपलब्ध वस्तु तथा सेवा आवश्यक नपर्ने कोही हुँदैन । वस्तुको मूल्य, गुणस्तर र उपभोग्य अवधि सम्बन्धमा जानकारी पाउने उपभोक्ताको आधारभूत अधिकार नै हो । बजारमा स्वच्छ प्रतिस्पर्धाको वातावरण आवश्यक पर्दछ । समयसमयमा विभिन्न वस्तु र सेवाका सम्बन्धमा अनुगमन गरी त्रुटि सच्याउन लगाउनु उपयुक्त हुन्छ ।

**विशेष सवालको विशेष सम्बवोधन :** द्वन्द्वपीडित, विपद्पीडित, असहाय तथा अलपत्र परेका व्यक्तिहरुको सहारा राज्य हुने हुँदा नजिकको सरकारको हैसियतले स्थानीय सरकारले पनि संवेदनशीलता जनाई सम्बोधनका उपायहरु अवलम्बन गर्नु उचित हुन्छ भने यो काम प्राथमिकतामा समेत पर्नुपर्दछ ।

**सामाजिक सद्भाव र मौलिकताको रक्षा :** समाजका अग्रज व्यक्तित्वहरु, धार्मिक गुरु एवम् साधकहरु, साहित्यकार, कलाकार, खेलाडीलाई स्थानीय सरकारको सामाजिक सांस्कृतिक जागरणका लागि सक्रिय रहन आह्वान गर्नाका साथै उदाहरणीय योगदान गर्ने व्यक्ति वा प्रतिभालाई सम्मानको व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसबाट व्यक्ति, स्थान र उनीहरुको योगदानको समेत सम्मान हुन्छ भने सामाजिक सद्भाव पनि बलियो हुन पुग्दछ ।

**सरोकारवालासाग नियमित संवाद :** स्थानीय तहभित्र घरठेगाना भएका, हाल नेपालभित्र वा बाहिर कुनै न कुनै भूमिकामा क्रियाशील रहेका व्यक्तिहरुले आफ्नो ठाउँलाई सम्झिरहेका माया गरिरहेका र राम्रो काम होस् भनेर चाहिरहेका हुन्छन् । तसर्थ, गैरआवासीय नेपाली हुन् वा अन्यत्र बसाइँ सरेर गएका वा कार्यरत रहेका महानुभावहरुलाई आफ्नो जन्मस्थान फर्केर आउन निमन्त्रणा दिने, हुनसक्ने सहयोगका लागि सम्भावित परियोजनाको सूची वा कामको सूचीका सम्बन्धमा छलफल गर्ने गर्दा स्थानीय अग्रसरताका लागि सहयोग पनि जुट्ने गरेको छ । गैरआवासीय नेपाली वा देश बाहिर रहेका आफ्नो ठाउँलाई माया गर्ने महानुभावहरुसँग भर्चुअल बैठक गरेर पनि छलफल गर्न सकिन्छ । सम्पर्क समाजलगायत संस्थाहरुले पनि स्थानीय तहसँग जोड्न सहयोगी भूमिका खेल्न सक्छन् ।

**स्थानीय आर्थिक विकासको पारिस्थितिक प्रणाली तयार गर्ने :** यसका लागि स्थानीय तहभित्र रहेका स्रोत पहिचान गर्ने र स्रोत परिचालन क्षमता अभिवृद्धि गरी रोजगारी र आय बढाउने उपायहरु अवलम्बन गर्न सबै सरोकारवालाको सहयोग प्राप्त गर्न सक्नु पर्दछ । स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ ले गरेको व्यवस्था अनुसार स्थानीय तहमा संवाद तथा सहजीकरण समिति रहँदा आर्थिक क्रियाकलाप सञ्चालन गर्न विभिन्न नवीन विचारहरु प्राप्त हुन्छन् । सम्भव देखिएका क्रियाकलापलाई सरोकारवालाकै सहभागितामा प्राथमिकीकरण गरेर अगाडि बढ्न सकिन्छ ।

**उद्यमीसाग संवाद :** रोजगारीको माध्यम भनेको परम्परागत पेसाका अलावा साना तथा मझौला उद्योग वा फर्म भएकाले त्यस्ता फर्म वा उद्यम सञ्चालकहरुसँग संवाद गरी उनीहरुको उत्पादन वृद्धि र बजारीकरणका लागि आवश्यक वातावरण निर्माणका लागि नीति तथा कार्यक्रममा व्यवस्था गर्ने र लागत साझेदारी गर्ने अवधारणा प्रयोगमा ल्याउन सकिन्छ ।

**फोहोर व्यवस्थापन :** कुहिने र नकुहिने फोहोर स्रोतमै छुट्याउन आवश्यक पर्ने सामग्री, क्षमता विकास र विसर्जनको सबै तयारी गर्नुपर्ने हुन्छ । फ्याँकिएका चीजवस्तुको पुनःचक्रीकरण गरेर फोहोरलाई मोहोरमा बदल्न पनि सकिन्छ । कुहिने फोहोरबाट मल उत्पादन हुने र खाना पकाउने ग्यास बन्ने गरी प्लान्ट जडान पनि गर्न सकिन्छ ।

**वातावरण संरक्षण र हरित ऊर्जा :** दिगो विकासले प्रकृतिमैत्री र वातावरणमैत्री कार्य व्यवहारको माग गर्दछ । विकास परियोजना सञ्चालन गर्दा वातावरण विनाश हुन नदिन सचेत रहनुपर्दछ । स्थानीय तहले पर्यावरणमैत्री शैली अपनाउन सक्दछ । यो कार्यमा सामुदायिक वन उपभोक्ता समिति, लायन्स र जेसिसमा आबद्ध व्यक्तिहरुले सघाउन सक्दछन् । हरित ऊर्जा (सौर्यशक्ति, वायुशक्ति, बायोग्यास, जलविद्युत) को प्रयोग बढाउने गरी अगाडि बढ्दा वातावरण संरक्षणमा टेवा पुग्ने देखिन्छ । खासगरी चौतारीहरुको संरक्षण, पोखरीहरुको संरक्षणलाई स्थानीय स्तरमा महत्वका साथ लिइनुपर्दछ ।

**सूचना प्रविधिसहितको सेवा :** हामी सूचना प्रविधिको तीव्र विकास भइरहेको विश्वमा बसोबास गरिरहेका छन् । हाम्रा सेवाहरु अझ पनि परम्परागत, खण्डित र म्यानुअल प्रकृतिका छन् । कागजी काम घटाउन र नागरिकको हातहातमा सूचना तथा सेवा पुऱ्याउनका लागि सेवासँग सूचना प्रविधि प्रणालीलाई आवद्ध गर्ने र एकीकृत रुप दिन आवश्यक छ । शिक्षा र स्वास्थ्य सेवालाई सूचना प्रविधियुक्त बनाउँदै अनलाइन शिक्षा र टेलिमेडिसिनको प्रभावकारिता बढाउनु आवश्यक छ । सर्वसाधरणलाई डिजिटल शिक्षा सम्बन्धमा पनि प्रचारप्रसार र सचेतनालाई समेत जोडेर जान सकिन्छ ।

**समाज र समय सुहाउँदो शिक्षा पद्धति :** जिम्मेवार, नैतिकवान्, सृजनशील, ऊर्जाशील र उत्पादनमैत्री नागरिक तयार गर्नेखालको खालको शैक्षिक वातावरण आवश्यक छ । स्थानीय पाठ्यक्रम तयार गर्दा होस् वा विद्यालयका अतिरिक्त क्रियाकलापमा नै किन नहोस् बजारको माग बमोजिमका सीप र क्षमता विकासका लागि समेत प्रेरित गर्न आवश्यक छ ।

**शहरी क्षेत्र र ग्रामीण क्षेत्रबीच अन्तरसम्बन्ध :** पूर्वाधार, सहयोग आदानप्रदान र व्यापार-व्यवसायका हिसाबले ग्रामीण र शहरी क्षेत्र आपसमा जोडिएकै छन् । ग्रामीण क्षेत्रमा राम्रो स्वास्थ्य शिक्षा र यातायातको प्रबन्ध हुन सकेमा जानसांख्यिक असन्तुलन बढ्न पाउँदैनथ्यो । त्यस्तैगरी, कृषि, पशुपालन र वनजन्य पदार्थमा आधारित उद्योग सञ्चालन गर्न सकेमा स्रोतसाधनको सदुपयोग र रोजगारी बढ्नाका साथै सहर र गाउँको अन्तरसम्बन्ध थप गाढा भएर जान सक्छ ।

**राजनीति र प्रशासनबीचको सम्बन्ध र सौहार्द्रता निर्माण :** जनअपेक्षा बुझेर नीतिमा आबद्ध गर्नेदेखि लिएर कुनै पनि परियोजनाको पूर्व तयारीदेखि कार्यान्वयनसम्म पनि राजनीति र प्रशासनले एक आपसमा विश्वास गर्दै सुझबुझका साथ अघि बढ्नुपर्दछ । विधि र प्रणालीको पालना र तथ्य प्रमाणलाई सबैले मान्ने गरी नै मानक निर्माण गर्नुपर्दछ । फरक राजनीतिक पार्टी भन्दैमा वा फरक तहको कर्मचारी भन्दैमा शङ्का गर्नु उपयुक्त होइन । जिम्मेवारीमा रहेकाहरु निष्पक्ष र जवाफदेही हुनै पर्दछ । कार्यसम्पादनमा सफलताका लागि राजनीति र प्रशासनबीच आ-आफ्नो भूमिका निर्वाह गर्दै परिपूरक सम्बन्ध नै श्रेयस्कर हुन्छ । निरन्तर संवाद, संयुक्तरुपमा अध्ययन भ्रमण तथा खेलकुद जस्ता गतिविधिबाट पनि सौहार्दता बढेर जाने हुन्छ ।

**भएका कामहरु प्रकाशन र प्रसारण :** स्थानीय सरकारबाट भएका कामहरुको विवरण प्रकाशन र प्रसारण गर्न अग्रसर रहनुपर्दछ । वेबसाइट र सामाजिक सञ्जालमार्फत पनि त्यस्ता विवरण सार्वजनिक हुन सक्छन् । आगामी बजेट जारी गर्नुअघि स्थानीय तहको आधारभूत जानकारी पुस्तिका तथा आर्थिक सर्भेक्षण प्रकाशित गर्न पहल गर्ने ।

**न्यून उपभोगवाद र मानवीयता :** अबको जीवन पद्धति जतिसक्दो कम सामग्रीहरु उपभोग गर्नेखालको हुनुपर्दछ । उत्पादनमा सहभागी हुनेले मात्र उपभोग गर्ने हक राख्दछ । त्यस्तै आफ्नो उत्पादन वा कमाईको निश्कित हिस्सा अरूको लागि छुट्याउने संस्कार पहिले थियो, अहिले हराइरहेको हुँदा जगाउनु आवश्यक छ । त्यस्तै विकासका कामहरु गर्दा मानवीय संवेदनालाई समेत नजरअन्दाज गर्नुहुँदैन । आफ्ना बाबुआमालाई आधारभूत रुपमा स्याहार नगर्ने र हेला गर्ने सन्तानलाई सिफारिस रोक्न समेत तयार रहनु पर्दछ । असहाय व्यक्तिहरु फेला परेमा मानव सेवा आश्रमलाई सम्पर्क गर्नु पर्दछ । आफन्त र सहाराविहीन मानसिक रोगीहरुलाई स्थानीय रुपमा उपचार हुन नसकेमा विशेषज्ञ अस्पतालमा पठाउने व्यवस्था स्थानीय तहले गर्नुपर्दछ ।

**सृजनशील प्रतिभाको पहिचान, विकास र सम्मान :** विद्यालय वा क्याम्पसभित्र वा बाहिर अनि जुनसुकै क्षेत्रमा रहेका र उजागर हुन सकेका प्रतिभाहरुको खोजी गर्ने उनीहरुलाई छोटो अवधिको इन्कुवेसन वा गाइडको व्यवस्था गर्ने र प्रतिस्पर्धात्मक हिसाबले चयन गरी सम्मानित गर्ने गर्दा प्रतिभाको प्रस्फुटनमा सहयोग पुग्ने देखिन्छ ।

**स्थानीय तह र अन्य तहसँग सहकार्य र समन्वय :** सहकार्य र समन्वय प्रभावकारी हुनका लागि आपसमा सञ्चार हुनु र विश्वासको वातावरण हुनु आवश्यक छ । माग भएका सूचना तथा विवरण समयमै सम्प्रेषण गर्नुका अलावा भनिए बमोजिमका संयन्त्र गठन गर्ने र स्थानीय तहभित्र विभिन्न विषयका सम्बन्धमा हुनसक्ने सहयोग सम्बन्धमा अद्यावधिक हुने र सम्पर्कमा रहने गर्नु उचित हुन्छ । किनकि तीनै तहका सरकारले सेवा गर्ने भनेको नेपाली नागरिकलाई नै हो उनीहरुकै उन्नति र प्रगति तिनै तहका सरकारको ध्येय हुनुपर्दछ ।

**वडा संरचनाको सबलीकरण :** वडा कार्यालय भनेका सेवा केन्द्र हुन् । सर्वसाधारण नागरिकका दैनन्दिनका विषयहरुमा वडा कार्यालयले सरोकार राख्दछ र सिफारिस सम्बन्धी काम पनि गर्दछ । तसर्थ, जनशक्ति, सूचना प्रविधि र कार्य वातावरणका हिसावले वडा कार्यालयलाई बलियो बनाउनु पर्दछ । वडा समितिका साथै वडामा कार्यरत जनशक्तिको क्षमता विकासका लागि समेत क्षमता विकासका कार्यक्रम राखिनुपर्दछ ।

*(सुवेदी बाग्लुङका प्रमुख जिल्ला अधिकारी हुन् ।)*



# क्यान्सर उपचारमा पोषणको महत्व

क्यान्सर उपचारमा पोषणको औषधिको जति महत्व हुन्छ त्यति नै हुने गर्छ । हेर्दा सरल र सामान्य देखिने, सबैले जानेको तर रोग अवस्थामा औषधि र खानपान मिलाउनु पर्दा निकै जटिल बन्ने गरेको पाउँछौं ।

क्यान्सर उपचारमा खानेकुरा नखानेभन्दा पनि औषधिको असर देखिएमा सोही अनुसार खाना पकाउने र खाने तरिका दुबैमा परिमार्जन गर्नु पर्दछ । बिरामीमा किमोथेरापी दिँदा दैनिक खाने खाना खान हुँदैन भन्ने गलत धारणा पाइन्छ । जसले गर्दा बिरामीलाई पौष्टिकतत्व नपुगेर शारीरिक रूपमा कमजोर बन्दै जान्छन् । यसले रोग निको हुन पनि बाधा पुऱ्याउन सक्छ ।

क्यान्सरको उपचार मध्ये किमो दिँदा केही 'साइड इफेक्ट' हुन्छन्, जसले खानामा अरुचि बढाउने मात्र होइन खाएको नपच्ने, वाकवाकी लाग्ने हुन सक्छ । यसका लागि बिरामीलाई सम्झाएर उनीहरूको रुचि अनुसार र आवश्यकता अनुसार खाना खुवाउनुपर्छ । जुन काम डाइटिसियनले गर्छन् ।

हामीले हाम्रो अस्पतालमा डाइटलाई प्रमुख प्रथामिकतामा राखेका छौं । कुन बिरामीलाई कस्तो डाइट चाहिन्छ भनेर हेर्छौं अनि त्यही अनुसार खाना दिने गर्छौं । यसले उनीहरुलाई कमजोर बन्न दिँदैन । केमो लगाउँदा किन पौष्टिक खानपानमा ध्यान दिनुपर्छ :

- शारीरिक तौल कायम राख्न
- स्फूर्त रहन
- किमोथेरापीको असर कम गर्न
- संक्रमणबाट जोगाउन

स्वस्थ र असल खाना भनेको मौसम अनुसारको हो त्यसैले महँगा र बेमौसमी खानेकुरालाई प्राथमिकता नदिनु नै बुद्धिमता हुन्छ । प्रकृतिले क्यान्सरका लागि नै भनेर छुट्टै खानेकुरा दिएको छैन । तर, प्रकृतिमा भएको खानेकुरालाई नै मिलाएर खान सक्नुपर्छ । क्यान्सरसँग लड्नको लागि चाहिने खानेकुरा भनेको कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो, भिटामिन, खनिजतत्व साथै पानी नै हो । त्यसैले डाइटिसियनको भूमिका यहाँ अझ बढी हुन्छ कसरी बिरामीको अवस्था अनुसार आवश्यक पौष्टिक तत्व योजना गर्ने भन्नेमा ।

कार्बोहाइड्रेटको प्रमुख स्रोत चामल, गहुँ, कोदो, मकै, फापर, जौ साथै पिठो, च्याख्ला, चिउरा, बिस्कुट, पाउरोटी, सुजी, किनवा र आलु, तरुल, पिडालु, सख्खर खण्ड हुन् ।

त्यस्तै प्रोटिनमा दाल, गेडागुडी, माछामासु, दूध, दही, अण्डा आदी पर्छन् । हाम्रो शरीरलाई चिल्लो पनि चाहिन्छ । चिल्लो पाइने खानाहररूमा तेल घ्यु नौनी, चिज, मायोनिज साथै काजु, पिस्ता, कागजी बदाम आदि पर्दछन् । मौसमी तरकारी फलफूल सबै खान सकिन्छ तर राम्ररी तातो पानीले पखालेर मात्र दिनुपर्छ । यी नै खानेकुराहरुलाई मिलाई खुवाउनेलाई हामी 'डाइट' भन्छौं, जसको भूमिका क्यान्सर निको पार्नका लागि अत्यन्त महत्वपूर्ण हुन्छ ।

# फाकफोकथुममा छ वटा सिँचाइ आयोजना



**फिक्कल, असार ५।** इलामको फाकफोकथुम गाउँपालिकामा चार करोड १९ लाख ८२ हजार चार सय ३२ रुपैयाँको लागतमा छ वटा सिँचाइ आयोजना निर्माण भएका छन् ।

चालू आर्थिक वर्षमा सञ्चालित आयोजनाको काम अन्तिम चरणमा पुगेको फाकफोकथुम गाउँपालिका साना सिँचाइ कार्यक्रमले जनाएको छ । आयोजना अन्तर्गत 'ड्याम' र पक्की कुलो लगायत पूर्वाधार निर्माण भएका छन् ।

फाकफोकथुम गाउँपालिकामा सञ्चालित साना सिँचाइ कार्यक्रम अन्तर्गत वडा नं. ६ बाहेक सबै वडामा एक-एक वटा सिँचाइ कुलो निर्माण भएको छ । वडा नं. १ स्थित धलपुजे टारीटोलमा रु. ६६ लाख ७० हजार दुई सय ७२ को लागतमा ७० घरका किसान प्रत्यक्ष लाभान्वित हुनेगरी धुलपुजे टारी सिँचाइ कुलो र वडा नं. २ स्थित राई गाउँमा रु. ९९ लाख ४४ हजार छ सय ८६ लागतमा ६५ घरका किसान प्रत्यक्ष लाभान्वित हुनेगरी राईकुलो सिँचाइ निर्माण भएको छ ।

वडा नं. ३ स्थित पिपलडाँडा सल्लेरी गाउँमा रु. ६० लाख ८१ हजार चार १६ को लागतमा एक सय ६३ घरका किसान प्रत्यक्ष लाभान्वित हुने गरी धनसार पिपलडाँडा सल्लेरी सिँचाइ कुलो र वडा नं.४ स्थित गुरुङ गाउँमा रु. ५४ लाख २८ हजार नौ सय २० को लागतमा ३९ घरका किसान प्रत्यक्ष लाभान्वित हुनेगरी गुरुङ खोला सिँचाइ कुलो निर्माण भएको छ ।

त्यसैगरी, वडा नं. ५ स्थित फुङगाउँमा रु. ३९ लाख १४ हजार ३७ को लागतमा ३१ परिवार लाभान्वित हुनेगरी फुङखोला कुलो र वडा नं. ७ स्थित तिवागाउँमा रु. ९९ लाख ४३ हजार ९८ को लागतमा एक सय २७ परिवारको खेत सिँचाइ गर्नेगरी तिवाखोला ठाडे सिँचाइ कुलो निर्माणको काम अन्तिम चरणमा पुगेको फाकफोकथुम गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बूले बताए ।

आयोजना सम्पन्न भएपछि फाकफोकथुमका छ वटा वडाका खेतबारीमा बाह्रैमास पानी पुग्नेछ । आयोजनाबाट दुई सय १७ हेक्टर क्षेत्र सिँचाइ सुविधा भएपछि उत्पादन बढ्ने विश्वास व्यक्त गरे ।

सिँचाइ सुविधा पुगेपछि अन्नबाली, नगदेबाली तथा तरकारी बाली उत्पादन र उत्पादकत्वमा वृद्धि हुने स्थानीय पञ्च योङहाङको अपेक्षा छ । फाकफोकथुममा धान, मकै, गहुँ लगायत अन्नबाली, अलैंची, अदुवा, आलु, अम्रिसो जस्ता नगदेबाली तथा अकबरे, मुला, काउली, बन्दकोबी, सिमीको व्यावसायिक खेती हुँदै आएको छ ।

आयोजना सञ्चालनका लागि स्वीस सरकारको ३० प्रतिशत, सङ्घीय र प्रदेश सरकार तथा फाकफोकथुम गाउँपालिकाको २०-२० प्रतिशत र स्थानीय उपभोक्ताको १० प्रतिशत लागत साझेदारी छ । युवालाई कृषि क्षेत्रमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्ने र कृषिको व्यावसायिकीकरणबाट आयआर्जन गर्ने लक्ष्यका साथ साना सिँचाइ कार्यक्रम सञ्चालन गरिएको हो ।

# जलवायु परिवर्तन सम्बन्धी कार्यशाला

– चन्द्रकान्त ढकाल

**बिर्तामोड, असार ५।** जलवायु परिवर्तन र प्रेस विषयक प्रकृति संरक्षण सम्बन्धी कार्यशाला सम्पन्न भएको छ ।

मेची-महाकाली मिडिया सोसाइटी तथा कानून परामर्श तथा अनुसन्धान केन्द्र ( CELCAR) काठमाडौं आयोजना तथा राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा २१औं शताब्दीमा जलवायु परिवर्तन र प्रेस विषयक प्रकृति संरक्षण कोषको सभाहलमा एक दिने कार्यशाला सम्पन्न भएको हो ।

मेची-महाकाली मिडिया सोसाइटीका अध्यक्ष माधव शर्माको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष डा. कृष्णप्रसाद ओली र वातावरणविद् अर्जुन ढकालले कार्यपत्र तथा जलवायु परिवर्तन र खाद्य अधिकार सम्बन्धी कार्यपत्र डा. भेषराज अधिकारीले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा वातावरण सचेतना सम्बन्धी पत्रकारिता गर्ने पत्रकार हेमन्त पौडेल, वैधनाथ झा, डिपी शर्मा, दुर्गा भण्डारी र किशोर कार्कीलाई कार्यक्रमका प्रमुख अतिथि पूर्व राष्ट्रपति विद्या भण्डारीले दोसल्ला ओडाएर सम्मान गरेकी थिइन् ।

संघीय सभासद मानबहादुर गुरुङ, विशेष अतिथि रहेको कार्यक्रम तीन वटा सेसनमा सञ्चालन भएको थियो ।

पहिलो सेसनका अध्यक्ष माधव शर्मा, दोस्रो सेसनका अध्यक्ष दुर्गा भण्डारी र तेस्रो सेसनका अध्यक्ष किशोर कार्कीले गरेका थिए । कार्यक्रममा निर्मला शर्मा, बद्री विनोद प्रतिक, मानबहादुर गुरुङ, किरण पौडेलले आफ्ना धारणा राखेका थिए ।

पूर्व राष्ट्रपति भण्डारीले सबै नेपालीले आ-आफ्नो पेशामा रहेर सही ढंगले कर्तव्य निर्वाह गरे देशको उन्नती-प्रगति हुन समय नलाग्ने बताइन् ।

डा. नरेश सुवेदीले स्वागत गरेको कार्यक्रमको सञ्चालन दिपेन्द्र श्रेष्ठले गरेका थिए । मेचीदेखि महाकालीसम्मका दुई सयभन्दा बढी पत्रकार, वातावरणविद् र सरोकारवालाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।



# आइटी सम्बन्धी तालिम



**बुट्टाबारी, असार ५।** अर्जुनधारा नगरपालिकाभित्रका आधारभूत तथा माध्यमिक विद्यालयका आइटी स्रोत शिक्षकहरुका लागि सञ्चालित सूचना प्रविधि सम्बन्धी पाँच दिने क्षमता विकास तालिम शुरु भएको छ ।

असार ८ गतेसम्म सञ्चालन हुने प्रशिक्षणमा आधारभूत तह र माध्यमिक तह एवम् धार्मिक विद्यालय गरी ३३ विद्यालयका स्रोत शिक्षकहरु सहभागी रहेको शिक्षा युवा तथा खेलकुद शाखा अर्जुनधाराका प्रमुख उपसचिव तोयानाथ रेग्मीले बताए ।

विद्यालयको कक्षा कोठादेखि प्रशासनसम्म प्रविधिको प्रयोग गर्नुपर्ने र अबको शिक्षा बालबालिकाहरुले पनि इन्टरनेट मार्फत विभिन्न उदाहरण र कक्षा अन्तर्गत पाठयक्रम पाठ्यपुस्तक नै मोबाइल र ल्यापटपमा नै हेर्न सक्ने भएकाले शिक्षकहरु पनि प्रविधिको ज्ञान र प्रयोग गर्न सक्ने हुन जरुरी रहेको शिक्षा विकास तथा समन्वय इकाई झापाका शाखा अधिकृत भोलानाथ दाहालले बताए ।

उनले प्रत्येक वर्ष नगरले आइटी सम्बन्धी नयाँ-नयाँ प्रविधि आइरहने हुँदा समय अनुसार शिक्षकहरु अद्यावधिक गर्दै लानु र जानुपने कार्यक्रमका प्रमुख अतिथि समेत रहेका दाहालले बताए ।

कार्यक्रममा नेपाल शिक्षक महासंघ अर्जुनधाराका अध्यक्ष चन्द्र खत्री, सचिव टंक न्यौपाने, शिक्षक संघ-संगठनहरुबाट केदारनाथ पोखेल, सुजाता शिवाकोटी, रुद्र खतिवडा लगायतले पूर्ण तालिम लिइ विद्यार्थीलाई शिक्षण गर्न र आफ्नो दैनिक जीवनमा उपयोग गर्न सुझाव दिएका छन् । तालिमको सहजकर्ताहरु शिक्षक कपिलदेव तिम्सिना र लोकनाथ ढकाल रहेका छन् ।

अर्जुनधारा शिक्षा शाखाका शिक्षा अधिकृत सुनिता भट्टराईको अध्यक्षतामा सञ्चालित कार्यक्रमको शाखाकी प्राविधिक सहायक समिरा दाहालले सञ्चालन गरेकी थिइन् ।


उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८०४९५४४००,९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**





बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**शोवर्मा पारखीहरुका लागि यम्मी शोवर्मा पोइन्ट अब बिर्तामोडमा**





सम्पर्क
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।





ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**बराल ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**जनहितमा जारी सूचना**
नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।
जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।
**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश


**कनकाई नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जामनुवारी, झापा
कोशी प्रदेश, नेपाल

**सँधियारका नाममा जारी गरिएको ७ दिने सूचना**

मितिः २०८१-०३-०५

कनकाई नगरपालिका वडा नं. ८ कि.नं. १९५१, ६९२ क्षेत्रफल ००-००-४.५, ००-०१-० बिगाह-कठ्ठा-धुर (ज.वि) मा तपसिलको विवरणमा भए बमोजिमको इटा, ढुंगा, सिमेन्ट जोडाइ गरी बनाउने पुरानो घरको नक्सा पास गरी पाउँ भनी कनकाई नपा-८ सुरुङ्गा बस्ने श्री सन्तोषले दिएको निवेदन अनुसार निवेदकको पक्की पुरानो घर नक्सा पास गरी दिंदा साँध-सँधियारहरुलाई कुनै पिर मर्का पर्छ र आफूलाई पिर मर्का परी हानी नोक्सानी हुने भए सो सूचना तपाईंले पाएको वा घर दैलोमा टाँस भएको मितिले ७ दिनभित्र दरखास्त साथ उजुर गर्न आउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४को ३१ (क) दफा २८ बमोजिम यो सूचना जारी गरिएको छ । म्यादभित्र कसैको उजुर पर्न नआएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ नियम बमोजिम नक्सा पास भई जानेछ र पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

साँध / सँधियारहरु

| दिशा | छाडेको आफ्नो जग्गा | कि.नं. | नाम | कैफियत |
|---|---|---|---|---|
| पूर्व | ३० फिट | २४४ | पाथीभरा बोर्डिङ स्कूल | |
| पश्चिम | ३० फिट | ० | बाटो | |
| उत्तर | १४० फिट | ६९१ | लक्ष्मण कुवर | |
| दक्षिण | १४५ फिट | ६२३ | कन्हैया लाल सर्मा | |

तपसिल घर कम्पाउण्ड वाल नाप

| विवरण | लम्बाई (फिट) | चौडाई (फिट) | उचाई (फिट) | तला संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | २७.६६७ | २३.०८ | १० | भुइँ तला | |

नोट : निर्माणकर्तालाई सूचना टाँस भएको मितिले आठौ दिनमा वडा समिति कार्यालयमा सम्पर्क राख्नु हुन र स्वीकृति पत्र लिनुपूर्व निर्माण कार्य गरेमा प्रचलित ऐन बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।


नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**





Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra


**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वन विनाशले बाढी–पहिरो निम्त्याउने हुँदा

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढी–पहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालो जस्ता भू–क्षय रोक्ने खालको बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढी–पहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

**माई नगरपालिका**
नगर कार्यपालिको कार्यालय
सितली, इलाम



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक कार्यमा सहभागी भइनेछ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानाले मन खिन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
व्यापार-व्यवसायमा लाभदायकको योग छ, साथीभाइसँग मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।